## हामी सरोकारवालाको भूमिका कस्तो ?

महिलाको समस्या हमी सबैको साझा समस्या हो । आज यस्तो समस्या कसैमा छ भने त्यो भोलि तपाई हामी माझ पनि आउन सक्दछ । त्यसैले महिला हिंसा रोक्न हरेक नागरिकको भूमिका अनिवार्य छ । भूमिका फरक हुन सक्दछ तर भूमिका सबैको हुन्छ । हिंसा भएको सूचना पाउनेले सम्बन्धित निकाय समक्ष सूचना दिने, कानून निर्माताले महिला मैत्री कानून बनाउने, कानून कार्यान्ययनकर्ता सहज तरिकाले कार्यान्वयन गर्ने कार्य गरिदिएमा हिंसा न्यूनीकारण गर्न सकिनेछ । यसरी सबै सरोकारवालाहरुको भूमिका आ-आफनो स्थानमा उतिकै महत्वपूर्ण हुन्छ । त्यसैले यसको सर्वपक्षीय सहयोग आवश्यक छ । नेपाल सरकारले गरेका लैगिंक हिंसा विरुद्ध नितीगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न सबैको सहकार्य हुन नितान्त आवश्यक छ ।

## निष्कर्ष :

लैगिंक हिंसा विरुद्धको १६ दिने अभियानले हिंसाको विषयलाई ध्यानकर्षण गर्ने दिन मात्र हो । तर १६ दिनलेमात्र हिंसा न्यूनीकरण हुन सक्दैन यसका लागि हामीले हरेका दिन ,हरेक समयमा आवाज उठायौं भने मात्र केही उपलब्धी हुन सक्दछ । आज यस दिनको अवसरमा मात्र प्रतिवद्ध नभएर सधै हामीले म सधै हिंसा गर्दिन, हिंसा सहन्न र हिंसा भएको देखेमा प्रतिवाद गर्छु भन्ने प्रतिवद्धता गरौं ।

हाम्रो समाजमा पिडक भन्दा हिंसा प्रभावितलाई नकारात्मक दृष्टिकोणले हेर्ने गरिन्छ । तर हैन हिंसक लाई सामाजिक बहिष्कार गरौ,हिंसाका घटनामा संलग्नतालाई राजनितिक संरक्षण नगरौ र प्रभावितलाई न्यायको अनुभूति दिलाऔ । लैगिंक हिंसाको अन्त्य गरी, सुनौलो भविष्यको निमार्ण कार्यमा जुटौं ।